शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**कार्यपालिका बैठक संख्या नं. ४९** **स्थानः नगरपालिका भवन** **मिति २०८२/०२/२० गते**

**समयः विहान ८:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण सम्बन्धमा।
३. मूख्यमन्त्री रोजगार कार्यक्रमको पुनः सिफारिश गर्ने सम्बन्धमा।
४. बाख्रा श्रोत केन्द्रको सम्बन्धमा आर्थिक समितिमा भएको निर्णय अनुमोदन सम्बन्धमा।
५. पत्रकारिता पुरस्कार छनौट समिति निर्माण सम्बन्धमा।
६. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २० गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

तपसीलमा उल्लेखित कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो ।

(१) व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८२

(२) उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८२

**निर्णय नं. ३**

आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मिति २०८२ बैशाख २९ गते बसेको कार्यपलिकाको निर्णय बमोजिम मिति २०८२/०२/०२ मा यस नगरपालिकाबाट सिफारिश गरी पठाएका आयोजनाहरु मध्य तपसीलको आयोजना पुनः छनौटका लागि सिफारिस गर्नुका साथै उल्लेखित आयोजनाहरु संघ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट सञ्चालित वा सञ्चालन हुने आयोजनासंग दोहोरोपना नपरेको र नपर्ने, कार्यान्वयन योग्य भएको, कार्यान्वयनमा कुनै विवाद नरहेको र कार्यान्वयनको तयारी पुरा भएको भनी उक्त आयोजना छनौट भई बजेट विनियोजन भएपछि पुनः संसोधन वा रकमान्तर गर्न नपर्ने र सोको लागि अनुरोध समेत नगरिने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

| सि. न. | आयोजनाको नाम | वडा नं. | आयोजना स्थल | प्रस्तावित रकम | विषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डुडे ओरालो देखि भगवती पार्क पर्यटन क्षेत्रमा सिढी निर्माण | १४ | ढाँरखानी लेखपोखरा | १५ लाख | पर्यटन पूर्वाधार | |

**निर्णय नं. ४**

बाख्रा श्रोत केन्द्रका सन्दर्भमा आर्थिक विकास समितिले मिति २०८२ जेष्ठ १३ मा बसेको बैठकले गरेको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. ५**

यस नगरपालिकाले मिति २०८२ जेष्ठ गते प्रकाशन गरेको सूचना बमोजिम उत्कृष्ट पत्रकारिता पुरस्कार वितरणका लागि तपसीलको मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

(१) प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा - संयोजक

(२) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री लिलाधार बबाल - सदस्य

(३) अध्यक्ष, पत्रकार महासंघ सल्यान -सदस्य

(४) सञ्चारकर्मी श्री योगराज विश्वकर्मा -सदस्य

(५) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख श्री रविन्द्र कुमार वुढा - सदस्य सचिव

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २० गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. ६**

विविध विषयमा तपसीलको निर्णय गरियो।

(क) ललितपुर महानगरपालिकाको निमन्त्रणामा काठमाडौं उपत्यकामा परम्परा देखि चलि आएको रातो मच्छेन्द्रनाथको जात्रा तथा इन्द्र जात्राको समयमा देखाइने भोटो जात्रामा उपस्थिति जनाउनका लागि मिति २०८२ जेष्ठ १३ गते देखि गर्नु भएको काठमाण्डौंको भ्रमण गर्दाको खर्च अनुमोदन गर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २० गते**